WiGSA

Women in Global South Alliance

# मार्गदर्शक सिद्धान्तहरू

द वुमन इन ग्लोबल साउथ अलायन्स (विग्सा) अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिलाहरूको एउटा अन्तर-महादेशीय ऐक्यबद्धता सञ्जाल हो। यो सञ्जाल विद्यमान संरचनागत असमानता, महिलाको भूस्वामित्वको अधिकार र मानव अधिकारको पहिचानसँग जोडिएका ऐतिहासिक अन्यायहरूमा परिवर्तन ल्याउन तथा विश्वव्यापी आर्थिक सहायताका माध्यमहरूमा प्रत्यक्ष पहुँचका लागि पैरवी गर्ने साझा दूरदृष्टि बोकेर एकजुट भएको छ। विग्साले महिलाको आत्मनिर्णयको अधिकार, सामूहिक एवं व्यक्तिगत अधिकारको पूर्ण अभ्यास र हिंसामुक्त मर्यादित जीवनको सम्मानको पैरवी गर्दछ।

WiGSA

**विग्साको ध्येय वैदेशिक सहायता र दातृ निकायहरूको वर्तमान विश्वव्यापी संरचनामा परिवर्तन ल्याउनु र स्रोत व्यवस्थापन, विश्वव्यापी जलवायु एवं संरक्षणका लक्ष्यहरू हासिल गर्न तथा भूस्वामित्वको अधिकार सुरक्षित गर्न महिलाहरूको भूमिकालाई टेवा पुऱ्याउने उद्देश्यले प्रवाह हुने अन्तर्राष्ट्रिय वित्तीय सहयोगमा रहेको ठूलो कमीलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्नु हो।**
विग्साले वर्तमान विश्वव्यापी आर्थिक सहायताको ढाँचा र कार्यक्रमहरूमा लैङ्गिक रुपान्तरणकारी, लैङ्गिक विशेष, महिला विशेष र अन्तर्छेदीय (इन्टरसेक्सनल) दृष्टिकोणलाई समावेश गर्न र अफ्रिका, एसिया तथा ल्याटिन अमेरिकाका आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिलाहरूका लागि आर्थिक सहायताको दायरा बढाउन पैरवी गर्दछ। यसले महिलाहरूको आवाज, विचार, ज्ञान र अधिकारका विविध विषय (एजेन्डा) र रणनीतिहरूलाई एकीकृत गर्दै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रणालीगत परिवर्तनलाई तीव्रता दिन र महिलाको दृष्टिकोण लागू गरी क्षेत्रीय (टेरिटोरियल) शासनलाई रूपान्तरण गर्ने दिशामा कार्य गर्दछ।

**विग्सा महिलाका लागि सामूहिक सुरक्षित र भरपर्दो थलो हो**
जहाँ आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिलाहरू भेला हुन, छलफल गर्न र आफ्ना भूमि एवं क्षेत्रहरूमाथिको भूस्वामित्व अधिकारको रक्षाका लागि सामूहिक रूपमा अन्तर्छेदीय (इन्टरसेक्सनल) पैरवी रणनीतिहरू निर्माण गर्न सक्छन्। यसले सामाजिक-राजनीतिक वर्गीय संरचना वा लैङ्गिक र शक्ति सम्बन्धका सीमितताहरूबाट प्रभावित नभई निडरताका साथ महिलाको दृष्टिकोणबाट सबैका लागि मानव अधिकारको समेत पैरवी गर्दछ।

# मार्गदर्शक सिद्धान्तहरू

**विग्साको आन्तरिक सम्बन्ध, निर्णय प्रक्रिया, योजना तर्जुमा र संयुक्त पैरवीका लागि निम्न सिद्धान्तहरूले मार्गदर्शन गर्दछन्।** यी सिद्धान्तहरूले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मञ्चहरूमा साथै सरकार, सहयोगी निकाय र दातृ निकायहरूसँगको संवादमा सञ्जालको प्रतिनिधित्वलाई परिभाषित गर्दा र घोषणापत्रहरू तयार गर्दा विग्साको साझा अडानलाई बलियो बनाउँछन्।

**सामूहिक साझा थलोका रूपमा विग्सा एकता, समावेशीकरण, सम्मान, समता, समानता, ऐक्यबद्धता, प्रतिनिधित्व, पारदर्शिता र अन्तरसांस्कृतिक सञ्चारका केन्द्रीय सिद्धान्तहरूद्वारा निर्देशित रहन्छ। यी सिद्धान्तहरूले विभिन्न महादेश, जाति, पहिचान र मुलुकका आदिवासी, एफ्रोवंशज र स्थानीय/परम्परागत/ग्रामीण महिलाहरूलाई एकजुट भई भुइँ तहका महिलाहरूको भूस्वामित्व र मानव अधिकारका लागि पैरवी गर्न सक्षम बनाउँछन्।**

जब कुनै महिलाले महिला अधिकारको प्रवर्धनका लागि ढोका खोल्छिन्, त्यो केवल निज महिलाको व्यक्तिगत लाभका लागि मात्र नभई सम्पूर्ण महिला समुदायको हितका लागि हुन्छ भन्ने कुरामा विग्सा विश्वास गर्दछ।



## १. एकता (UNITY):

विग्सा यस्तो विशेष थलो हो जसले विभिन्न महिलाका आवाज र संस्थाहरूलाई एकजुट बनाउँछ। यसले अफ्रिका, एसिया र ल्याटिन अमेरिकाभरि महिलाहरूको सामूहिक र व्यक्तिगत अधिकारको पूर्ण रक्षाका लागि सिकाइ आदानप्रदान गर्न र सामूहिक पैरवीका लागि ऐक्यबद्धताको प्रवर्धन गर्न सक्षम बनाउँछ। विग्सा महादेश वा क्षेत्रका आधारमा विभाजित छैन, न त यसका छुट्टाछुट्टै शाखाहरू नै छन्। विग्साको शक्ति, नवीनता र सामर्थ्य विभिन्न महादेशका महिला अधिकारमा आधारित विषय (एजेन्डा), आवाज र प्राथमिकताहरूलाई जोड्न सक्ने क्षमतामा निहित छ। यसले सम्बन्धित महादेश वा देशमा रहेका प्रत्येक संस्थाको भूमिकालाई प्रतिस्थापन गर्ने उद्देश्य राख्दैन, बरु एकताबद्ध अन्तरमहादेशीय सञ्जालका रूपमा योगदान गर्दछ। यसका सदस्यहरू आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिलाहरूको अधिकारको प्रवर्धन र रक्षा गर्न सँगै मिलेर अन्तरक्रिया, कार्य र निर्णय गर्दछन्।



## २. समावेशीकरण (INCLUSION):

विग्सा एउटा सुरक्षित र विश्वसनीय थलो हो जसले विभिन्न जातजाति, पहिचान, शैक्षिकस्तर, क्षेत्र र मूल देशका आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिला तथा बालिकाहरूलाई स्वागत र आत्मसात् गर्दछ। सदस्यहरू आफ्ना दृष्टिकोण राख्न र महिलाको भूस्वामित्व, भूमि एवं क्षेत्र, परम्परागत ज्ञान तथा सीप र मानव अधिकारको पहिचान एवं सम्मानका लागि विश्वव्यापी आर्थिक सहायता र वित्तमा प्रत्यक्ष पहुँचको पैरवी गर्न सामूहिक रूपमा नवीन रणनीतिहरू तयार गर्न एकजुट हुन्छन्। विग्सा एउटा भेदभावरहित सञ्जाल र महिला आन्दोलन हो, जसले अन्तर्छेदीय (इन्टरसेक्सनल) दृष्टिकोण र विविध पहिचानलाई स्वागत गर्दछ, जहाँ सामूहिक रूपमा प्राथमिकताहरू तय गरिन्छन् र सबैका आवाज सुनिने तथा निर्णय प्रक्रियामा सहभागी हुने समान अवसर प्रदान गरिन्छ।



## ३. समानता र समता
### (EQUALITY AND EQUITY):

विभिन्न महादेशका महिलाहरूले बृहत्तर समाज र आफ्नै समुदायका सदस्यहरू (शक्तिमा रहेका महिलाहरूसमेत) बाट बहुआयामिक स्वरूपका बहिष्करण र भेदभाव भोगिरहेका छन् भन्ने कुरा विग्सा स्वीकार गर्दछ। यो भेदभाव वर्गीय सामाजिक-सांस्कृतिक प्रणाली, आर्थिक वर्गीय संरचना र राजनीतिक शक्तिको आधारमा हुने गर्दछ। तसर्थ, विग्साले सामाजिक-सांस्कृतिक, आर्थिक वा राजनीतिक अवस्था, जातजाति, नश्ल र पहिचानका आधारमा कुनै विभेद नगरी सबै आदिवासी, एफ्रोवंशज र स्थानीय समुदायका महिलाहरूलाई स्वागत गर्न समानताका सिद्धान्तहरू लागू गर्दछ। हामी सबैको समान अधिकार, मर्यादा र सम्मान छ र हामी समान हैसियतमा एकजुट हुन्छौँ। त्यसै गरी विग्साले सबै महिलाका लागि निष्पक्षता र न्याय सुनिश्चित गर्न तथा शक्तिको वर्गीय संरचनाबाट उत्पन्न हुने भिन्नता, भेदभाव र बहिष्करणलाई रोक्न समताका सिद्धान्तहरू अवलम्बन गर्दछ। **विग्सा महिलाहरूलाई आफ्ना विचारहरू व्यक्त गर्न बाधा पुऱ्याउँने वा केही महिलाहरूलाई अन्य महिलाहरूमाथि आफ्नो शक्ति र प्रतिष्ठा लाद्न अनुमति दिने माथि उल्लिखित प्रकारका सामाजिक र राजनीतिक असमानताहरूबाट मुक्त सुरक्षित र भरपर्दो थलो हो**। यो सिद्धान्त विग्साभित्रको स्रोत बाँडफाँडमा पनि लागू हुन्छ जसले आफ्ना सबै सदस्यलाई समान अवसर प्रदान गर्दछ।



## ४. सम्मान
### (RESPECT):

सबै महिला एकअर्काप्रति समान सम्मानका लागि योग्य छन् र सम्मान प्रदान गर्दछन्। एउटा ऐक्यबद्धता सञ्जालका रूपमा विग्साले प्रत्येक व्यक्तिको अन्तर्निहित योग्यता, पहिचान र मर्यादालाई स्वीकार र कदर गर्दछ। विग्साका सबै सदस्य, व्यक्तिगत रूपमा वा कुनै समूह वा संस्थाको प्रतिनिधिका रूपमा, सामूहिक निर्णय प्रक्रियामा समान आवाज राख्छन्। विग्साका सदस्यहरू आफ्ना सहकर्मीहरूको विचार सुन्न, ध्यानपूर्वक र आदरपूर्वक सुनिन, र विचारहरू फरक हुँदा वा असहमति उत्पन्न हुँदा सम्मानजनक ढङ्गले पृष्ठपोषण दिन प्रतिबद्ध छन्।



## ५. प्रतिनिधित्व र आवाज
### (REPRESENTATION AND VOICE):

विग्साका सबै महिलाको आवाज, दृष्टिकोण र प्रतिनिधित्वलाई समान रूपमा कदर गरिन्छ। विग्साले अन्तरपुस्तागत र अन्तर्क्षेत्रीय आवाजहरूको समावेशीकरणका साथै सहभागिताको आलोपालो प्रणालीको सुनिश्चितता र प्रवर्धन गर्दछ। विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रम र निर्णय प्रक्रियाका तहहरूमा प्रतिनिधित्व गर्दा अवसर, ज्ञान, क्षमता, आवाज र दृष्टिकोणको रिक्तता, उपलब्धता र विग्सालगायत बृहत्तर महिला समुदायको हितमा बोल्ने प्रतिबद्धताका आधारमा मूल्याङ्कन गरिन्छ। प्रतिनिधित्व र आवाज निर्धारण गर्दा विग्साले कुनै पनि वर्गीय तह, शक्ति संरचना, सामाजिक प्रतिष्ठा, हैसियत वा पदलाई आधार मान्दैन।



## ६. ऐक्यबद्धता (SOLIDARITY):

एक ऐक्यबद्ध अन्तरमहादेशीय सञ्जाल र महिला आन्दोलनका रूपमा विग्साले साझा हितहरूप्रति सचेतना जगाउने, उद्देश्य तथा प्रतिरोधका रणनीतिहरू तर्जुमा गर्ने र आपसी सहयोग तथा समानुभूतिलाई प्रोत्साहन गर्दै एकअर्का र समूहप्रतिको एकता र समर्थनलाई सुदृढ बानाउने काम गर्दछ। हिंसा र बहिष्करणका संरचनागत प्रणालीहरूलाई परिवर्तन गर्न महिला संस्थाहरूले गरिरहेका सङ्घर्षहरूलाई प्रकाशमा ल्याउन विग्साले सहयोग गर्दछ।



## ७. पारदर्शिता र जवाफदेहिता (TRANSPARENCY AND ACCOUNTABILITY):

विग्साले सामूहिक निर्णय प्रक्रियाका लागि यी मार्गदर्शक सिद्धान्तहरूको ढाँचाभित्र रहेर स्पष्ट, नैतिक र जिम्मेवार प्रक्रियाहरूलाई प्रोत्साहन गर्दछ। यसका सदस्यहरू सबै सामूहिक कार्यहरूका लागि उत्तरदायी रहन्छन्। सदस्यहरूले स्वार्थको द्वन्द्वलाई खुला रूपमा व्यक्त गर्ने र विग्सालाई प्रतिनिधित्व गर्ने संस्थाको पक्षमा वा केवल व्यक्तिको फाइदा हुने गरी निर्णय गराउन प्रभाव पार्ने कार्यबाट टाढा रहन्छन्। विग्साको निर्णय प्रक्रिया सहभागितामूलक छ र सुशासन सुनिश्चित गर्न सदस्यहरू एकअर्काप्रति जवाफदेही हुन्छन्।



## ८. अन्तरसांस्कृतिक सञ्चार र सचेतना (INTERCULTURAL COMMUNICATION AND AWARENESS):

विग्सा आफ्नो बहुसांस्कृतिक बनोट, विश्वदृष्टिकोण र पृष्ठभूमिहरूलाई स्वीकार गर्दछ। नतिजास्वरूप, विग्सा आफ्ना सदस्यहरूलाई प्रभावकारी रूपमा सहभागी गराउन अन्तरसांस्कृतिक सञ्चारलाई प्रवर्धन गर्दछ। यसले संस्कृति, जातजाति र भाषाहरूको विविधता, सामाजिक-सांस्कृतिक अर्थहरूको विशिष्टता, सामाजिक अभ्यास, सांस्कृतिक सीमा र दृष्टिकोण व्यक्त गर्ने तथा सञ्चार गर्ने तरिकाहरूलाई मान्यता दिन्छ। विग्साभित्रको बहुसांस्कृतिक सञ्चार र सचेतनाको उद्देश्य आपसी समझदारी, सम्मान र विश्वास प्राप्त गर्नु हो जसले सञ्जाललाई थप सुदृढ बनाउन, साझा धरातल तय गर्न र बाह्य पक्षहरूलाई प्रभाव पार्न सक्षम बनाउँछ।